# विजयनगर गाउँपालिकको विनियोजन ऐन

## विजयनगर गाउँपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७५ । ०३ ।२६.

**प्रस्तावनाः**. विजयनगर गाउँपालिकाको आर्थिक बर्ष २०७४/२०७५को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम विजयनगर गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)**यस ऐनको नाम " विजयनगर गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७५/२०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त विजयनगर गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४१७४११००० (अक्षेरुपी एकचालिस करोड चौहत्तर लाख एघार हजार हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।७६ को निमित्त विजयनगर गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशत सम्म प्रमुख प्रशासकीय अधिकृत , १५ प्रतिशत अध्यक्ष र २५ प्रतिशत कार्यपालिकामा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

यस गाउँपालिकको आव २०७५/२०७६ को अनुमानित आय तपसिलको तालिकामा समाबेस भए बमोजिम एकचालिस करोड चौहत्तर लाख एघार हजार रुपैयाँ र खर्च तर्फ चालु खर्च पन्द्र करोड अन्ठाउन्न लाख पन्द्र  हजार र पुजिगत खर्च छब्बीस करोड पन्द्र लाख छयानव्वे हजार रुपैयाँ गरी जम्मा एकचालिस करोड चौहत्तर लाख एघार हजार रुपैयाँको बजेट पेश गरेको छु।

**आ.व.०७५ / ०७६ को अनुमानित  आय/ व्ययको शारंस तपसिल बमोजिम छ   :**

| क.सं. | आय स्रोतको बिबरण | जम्मा रकम (हजारमा) | चालु(हजारमा) | पुजिगत(हजारमा) |
|---|---|---|---|---|
| १ | सञ्चितकोषमा सञ्चित रहेको रकम | ३०००० | | ३०००० |
| २ | बित्तिय सामानिकरण अनुदानवाट प्राप्त रकम | ११५७०० | ३०००० | ८५७०० |
| ३ | राजश्व बाँडफाँडवाट प्राप्तहुने रकम | ८६६१८ | १९००० | ६७६१८ |
| ४ | आन्तरिक आयवाट प्राप्तहुने रकम | १५००० | ३००० | १२००० |
| ५ | केन्द्रीय सशर्त अनुदानवाट प्राप्तहुने रकम | ९४६०० | ५८८१५ | ३५७८५ |
| ६ | बहुक्षेत्रिय पोषणा कार्यक्रमवाट प्राप्त हुने रकम | १५०० | ० | १५०० |
| ७ | सामाजिक सुरक्षा भत्ता वापतको रकम | ४५००० | ४५००० | ० |
| ८ | सिमा क्षेत्र बिकास कार्यक्रमवाट प्राप्त हुने रकम | ८८०० | ० | ८८०० |
| ९ | गरिवसंग बिश्वेश्वर कार्यक्रमवाट प्राप्त हुने रकम | ४०० | ० | ४०० |
| १० | प्रदेस सरकारवाट प्राप्त समानिकरण अनुदान | ४५३६ | ० | ४५३६ |
| ११ | प्रदेश सरकारवाट प्राप्त हुने शसर्त अनुदान | ९६०० | ० | ९६०० |
| १२ | प्रदेश सरकारवाट प्राप्त हुने सवारी साधन करको राजश्व बांडफाँड रकम | ५६५७ | ० | ५६५७ |
| | जम्मा | ४१७४११ | १५५८१५ | २६१५९६ |